# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असोज १५ गते २०५४ साल (अतिरिक्ताङ्क ३२(अ

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति (गठन) आदेश २०५४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति (गठन) आदेश २०५४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा :

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित उपेक्षित, उत्पीडित र दलितवर्ग विकास समिति सम्झनु पर्छ ।

(ख) " उपेक्षित, उत्पीडित र दलितवर्ग" भन्नाले परम्परागत रुपमा व्यवसाय संचालन गरी जीविकोपार्जन गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले उपेक्षित, उत्पीडित र दलित हुन पुगेका श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका जात जाति वा वर्ग सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँदछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६१

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(छ) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यो आदेश वा यस आदेश अन्तरगत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिको गठन : (१) उपेक्षित, उत्पीडित र दलितवर्गको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा १ बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| (क) स्थानीय विकास मन्त्री वा राज्य मन्त्री | अध्यक्ष |
| (ख) उपेक्षित, उत्पीडित र दलितवर्गको उत्थान र विकासको क्षेत्रमा विशिष्ट योगदान पुरचाएका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकार द्वारा मनोनित एक जना | उपाध्यक्ष |
| (ग) राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने ) | सदस्य |
| (घ) सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (ङ) सचिव, युवा खेलकुद तथा संस्कृति मन्त्रालय | सदस्य |
| (च) पाँच विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी उपेक्षित, उत्पीडित र दलितवर्गका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकार द्वारा मनोनित पाँच जना | सदस्य |
| (छ) उपेक्षित, उत्पीडित र दलितवर्गको उत्थानमा संलग्न गैहसरकारी संघ संस्थाका प्रमुखहरु मध्येबाट श्री ५ को सरकार द्वारा मनोनित दुई जना | सदस्य |
| (ज) कार्यकारी निर्देशक | सदस्य-सचिव |

(३) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुनसक्नेछन ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम,कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपेक्षित, उत्पीड़ित र दलितवर्गको आर्थिक तथा सामाजिक विकासका लागि आवश्क नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) श्री ५ को सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग एवं साधन श्रोतका आधारमा तयार गरिने उपेक्षित, उत्पीडित र दलितवर्ग सँग सम्बन्धित विभिन्न कार्यक्रमहरुमा स्थानीय निकाय समेतलाई संलग्न गराई गाउँ स्तर सम्म त्यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा पुर्याउन समन्वय गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु बीच उपेक्षित, उत्पीडित र दलितवर्गको उत्थान सम्बन्धी विषयहरुमा जानकारी प्राप्त गर्न नेटवर्क स्थापना गरी सो को विस्तार गर्ने ।

(घ) उपेक्षित, उत्पीडित र दलितवर्गको आर्थिक एवं सामाजिक पक्षको विकास सम्बन्धी अध्ययन, अनुसन्धान गर्नुका साथै तत्सम्बन्धी पुस्तक लेख आदि प्रकाशन प्रदर्शन एवं सूचना पद्धतिको स्थापना गर्ने गराउने ।

(ङ) उपेक्षित, उत्पीडित र दलितवर्ग सम्बन्धी विज्ञ परामर्श सेवा प्रदान गर्ने ।

(च) उपेक्षित, उत्पीडित र दलितवर्गको विविध पक्षको विकास कार्यमा संलग्न संस्थालाई वित्तिय तथा प्राविधिक सहायता उपलव्ध गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) उपेक्षित, उत्पीडित र दलितवर्गका व्यक्तिहरुलाई तोकिएको आधारमा स्वदेश तथा विदेशमा अध्ययन गर्न छात्रवृत्ति उपलव्ध गराउन श्री ५ को सरकार समक्ष अनुरोध गर्ने ।

(ज) उपेक्षित, उत्पीडित र दलितवर्गका व्यक्तिहरुको कार्यक्षमता वृद्धि गर्दै लैजाने र दिगो विकास का लागि आय आर्जन लगायतका सामुदायिक विकास कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(झ) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ञ) समितिको काय संचालनका लागि आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्ने ।

(ट) उपेक्षित, उत्पीडित र दलितवर्गको विविध पक्षको विकास सम्बन्धमा गोष्ठी तालिम तथा सेमिनार संचालन गर्ने गराउने ।

(ठ) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

५. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक बर्षमा कम्तीमा दुईपटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तिमा पन्ध्र दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा उपाध्यक्षले र दुवैको अनुपस्थितीमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपाध्यक्षको नियुक्ति : (१) पुरा समय समितिमा काम गर्ने गरी श्री ५ को सरकारले समितिको उपाध्यक्ष नियुक्ति गर्न सक्नेछ ।

(२) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र श्री ५को सरकारले चाहेमा निजको पदावधि पुन: एक अवधिका लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा उपाध्यक्षलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) उपाध्यक्षको पारिश्रमीक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृती लिई समितिले तोके बमोजिम हुनेछ ।

७. उपाध्यक्षको काम कर्तव्य : अध्यक्षको सामान्य निर्देशनमा रही समितिको दैनिक काम र निर्णयका कार्यान्वयन गराउनु उपाध्यक्षको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. कार्यकारी निर्देशक : (१) श्री ५ को सरकारले समितिको प्रशासकीय प्रमुखको रुपमा रही कार्य गर्न कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि ४ बर्षको हुने छ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुन: एक अवधिको लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमीक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : (१) अध्यक्षको सामान्य निर्देशनमा रही कार्यकारी निर्देशकले समितिको दैनिक प्रशासन, कर्मचारी प्रशासन र आर्थिक प्रशासन सञ्चालन गर्नेछ ।

(२) समितिको निर्णय प्रमाणित गर्नु, कार्यान्वयन गराउनु र निर्णय पुस्तिका सुरक्षित गरी राख्नु कार्यकारी निर्देशकको कर्तव्य हुनेछ ।

१०. समितिका कर्मचारी : (१) समितिले आवश्यकता अनुसार कर्मचारीहरुको नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरुको पारिश्रमीक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

११. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) श्री ५ को सरकार बाट प्राप्त रकम ।
(ख) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।
(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।
(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आउने रकम ।
(ङ) अन्य श्रोत बाट प्राप्त रकम ।

(२) उप दफा (१) को खण्ड (ख) अन्तरगतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाताखोली जम्मा गरिनेछ ।

(४) समितिको नाम बाट गरिने सबै खर्च उप दफा (१) बमोजिमको कोषबाट व्यहोरीनेछ ।

(५) समितिको खाता उपाध्यक्ष वा निजले तोकेको सदस्य र सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१२. समितिको लेखा र लेखापरीक्षण :(१) समितिको आय-व्ययको लेखाप्रचलित कानून बमोजिम राख्नु पर्नेछ

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा तत् सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुन सुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले यो आदेश र यस आदेश अन्तरगत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने काम गर्न, गराउन को निमित्त आवश्यकता अनुसार उप-समिति वा कार्य टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप समिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१४. बैठक भत्ता तथा अन्य सुविधा : समिति, उप-समिति वा कार्य टोलीका सदस्यहरुले श्री ५ को सरकारले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१५. श्री ५ को सरकार सँग सम्पर्क : समितिले श्री ५ को सरकार सँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. समितिको कार्यालय : समितिको मुख्य कार्यालय काठमाण्डौ उपत्यका भित्र रहने छ र आवश्यकता अनुसार शाखा कार्यालयहरु उपत्यका बाहिर पनि रहन सक्नेछन् ।

१७. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, उप-समिति, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. निर्देशन दिन सक्ने : श्री ५ को सरकारले समितिको काम सँग सम्बन्धित विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१९. नियम बनाउने अधिकार : यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरु बनाउन सक्ने छ र श्री ५ को सरकारबाट स्वीकृत भए पछि मात्र त्यस्ता नियमहरु लागू हुनेछन् ।

आज्ञाले,
**केशवराज राजभण्डारी**
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।